आकाशवाणी

मुख्य समाचार....

- भारत र न्युजिल्यान्डले आज नयाँ दिल्लीमा मुक्त व्यापार सम्झौता (एफटीए) मा हस्ताक्षर गरेका छन्। प्रधानमन्त्री नरेन्द्र मोदीले प्रशंसा व्यक्त गर्दै, यसलाई दुवै देशबीचको साझेदारीमा एक ऐतिहासिक क्षण बताउनुभएको छ।
- सरकारले आज देशमा उर्वरकको उपलब्धता बलियो रहेको र आपूर्ति निरन्तर मागभन्दा बढी रहेको कुराको पुष्टि गरेको छ।
- पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको प्रचार आज समाप्त भयो, मतदान यस महिनाको 29 तारिखमा हुनेछ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ गान्तोकमा भव्य रोड शोमा भाग लिनुभयो। श्री मोदी भोलि पाल्जोर stadiumमा सिक्किमको 50 औं राज्य स्थापना दिवस समापन समारोहमा भाग लिनुहुनेछ, र राज्यभर चार हजार करोड रुपैयाँभन्दा बढी परियोजनाहरूको उद्घाटन, गर्नुहुनेछ । मूल्यका धेरै विकास थालनी र शिलान्यास
- आईपीएल क्रिकेटमा, दिल्लीको अरुण जेटली स्टेडियममा दिल्ली क्यापिटल्सले रोयल च्यालेन्जर्स बेंगलुरुको सामना गर्नेछ। खेल ७:३० बजे सुरु हुनेछ । TOSS जितेर RCB ले पहिले bowling गर्ने फैसला गरेकोछ ।

भारत न्युजिल्यान्ड एफटीए

भारत र न्युजिल्यान्डले आज नयाँ दिल्लीमा स्वतन्त्र व्यापार सम्झौता (एफटीए) मा हस्ताक्षर गरे। हस्ताक्षर समारोहको अध्यक्षता केन्द्रीय  वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र न्युजिल्यान्डका व्यापार तथा लगानी मन्त्री Todd McClay ले गरेका थिए। गत वर्ष डिसेम्बरमा अन्तिम रूप दिइएको यस सम्झौताले सबै ट्यारिफ अन्तिम रूप दिइएको यस सम्झौताले सबै ट्यारिफ लाइनहरूमा भारतीय निर्यातलाई  १०० प्रतिशत भन्सारमुक्त पहुँच प्रदान गर्दछ, जसले विविध क्षेत्रहरूलाई फाइदा पुर्याउँछ। एफटीएले सेवा, गतिशीलता, शिक्षा स्वास्थ्य  सेवा, परम्परागत औषधि र लगानीमा नयाँ बाटो पनि खोल्छ। सम्झौता अन्तर्गत, न्यूजिल्यान्डको २० अर्ब अमेरिका डलरको दीर्घकालीन प्रतिबद्धताले देशभर औद्योगिक वृद्धि, नवप्रवर्तन, पूर्वाधार र रोजगारी सिर्जनालाई समर्थन गर्नेछ।

एफटीएको एक भागको रूपमा, भारतले सुनियोजित सुरक्षा उपायहरू मार्फत डेरी, कृषि, र रत्न तथा आभूषण जस्ता संवेदनशील क्षेत्रहरूको सुरक्षा गरेर आफ्नो मुख्य हितहरूलाई दृढतापूर्वक सुरक्षित गरेको छ। श्री गोयलले प्रधानमन्त्री नरेन्द्र मोदीको सन्देश पढेर सुनाउनुभय। आफ्नो सन्देशमा, श्री मोदीले न्यूजिल्यान्डसँग एफटीएमा हस्ताक्षर गर्नु गहिरो विश्वव्यापी संलग्नता र साझा समृद्धितर्फको देशको यात्रामा ऐतिहासिक कोसेढुङ्गा भएको भन्नुभएको छ। श्री टॉड मैक्लेले न्यूजील्याण्डका प्रधानमन्त्री क्रिस्टोफर लक्सनको सन्देश पनि पढ्नुभयो। आफ्नो

सन्देशमा, श्री लक्सनले भारत विश्वको सबैभन्दा ठूलो र द्रुत गतिमा बढ्दो अर्थतन्त्रहरू मध्ये एक हो, एफटीए दुवै देशहरूको लागि एक ठूलो अवसर हो, भन्नुभएको छ। हस्ताक्षर समारोहमा बोल्दै, श्री गोयलले भन्नुभयो, FTA रेकर्ड नौ महिनामा सम्पन्न भएको छ।

प्रधानमन्त्री – FTA

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत- न्यूजील्याण्ड मुक्त व्यापार सम्झौता (FTA) मा हस्ताक्षर भएकोमा प्रशंसा व्यक्त गर्दै, यसलाई दुवै देशबीचको साझेदारीमा एक ऐतिहासिक क्षण बताउनुभएको छ। सामाजिक सञ्जालमा पोस्ट गर्दै श्री मोदीले FTA ले दवै देशको विकास साझेदारीमा अभूतपूर्व गति थप्ने अनि किसान, युवा महिला, एमएसएमई, कारीगर, स्टार्टअप विद्यार्थी र नवप्रवर्तकहरूलाई धेरै फाइदा पुर्याउनेछ, भन्नुभयो।

एफटीए – जयशंकर

विदेशमन्त्री डा. एस जयशंकरले पनि यस सम्झौता, प्रशंसा व्यक्त गर्नुभयो। सामाजिक सञ्जालमा पोस्ट गर्दै डा. जयशंकरले भन्नुभयो, यो सम्झौताले बलियो आर्थिक साझेदारी निर्माण गर्नेछ, लगानी बढाउनेछ र भारतीय निर्यातकर्ताहरूको लागि बजार पहुँच बढाउनेछ। एफटीएमा हस्ताक्षरलाई भारत र न्यूजील्याण्ड बीचको सम्बन्धको लागि कोसेढुंगा भन्दै मन्त्रीले भन्नुभयो, एफटीएले नवप्रवर्तकहरू, उद्यमीहरू, किसानहरू, एमएसएमईहरू, महिलाहरू र युवाहरूका लागि नयाँ अवसरहरू पनि खोल्नेछ।

सरकार-पश्चिम एशिया ब्रिफिंग

सरकारले आज देशमा उर्वरकको उपलब्धता बलियो रहेको र आपूर्ति निरन्तर मागभन्दा बढी रहेको कुराको पुष्टि गरेको छ। पश्चिम एशियामा भएका घटनाक्रमसँग सम्बन्धित अंतर-मंत्रालयी ब्रीफिंगमा, उर्वरक विभागकी अतिरिक्त सचिव अपर्णा शर्माले हालसम्म कुनै पनि अभाव रिपोर्ट गरिएको छैन भनी बताउनुभयो बताइन् । उहाँले भन्नुभयो 18.17 लाख मेट्रिक टनको आवश्यकताको तुलनामा युरियाको उपलब्धता 71.58 लाख मेट्रिक टन रहेको छ, भने 5.90 लाख मेट्रिक टनको आवश्यकताको तुलनामा डीएपीको उपलब्धता 22.35 लाख मेट्रिक टन रहेको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयका संयुक्त सचिव सुजाता शर्माले देशमा एलपीजीको पर्याप्त आपूर्ति छ र कुनै पनि वितरकले कमीको सामना गर्न परेको छैन भन्नुभयो।

विदेश मन्त्रालयका प्रवक्ता रणधीर जयसवालले भने कि भारतले खाडी क्षेत्रका देशहरूमा आफ्नो पहुँच विस्तार गर्न जारी राखेको छ।

प्रधानमन्त्री रैली (पश्चिम बंगाल)

वरिष्ठ भाजपा नेता तथा प्रधानमन्त्री नरेन्द्र मोदीले १८५७ मा ब्यारकपुरले महत्वपूर्ण भूमिका खेलेको र भारतको पहिलो स्वतन्त्रता संग्राममलाई बल दिएको बताउनु भएकोछ। त्यही भूमिले अब बंगालमा परिवर्तनको बाटो खोलिरहेको छ, अर्थात् जसमा पालटोनो दोरकार (परिवर्तन आवश्यक छ) को स्पष्ट आह्वान छ, उहाँले भन्नुभयो।

जिलेपी मठमा आयोजित एक सार्वजनिक सभालाई सम्बोधन गर्दै प्रधानमन्त्रीले भन्नुभयो, सम्पूर्ण देश पूर्वोत्तरको विकासको साक्षी बन्दैछ भने, बंगालको यो चुनाव सम्पूर्ण पूर्वी भारतको भाग्य परिवर्तन गर्ने चुनाव हो। प्रधानमन्त्री मोदीले सत्तारूढ तृणमूल कांग्रेसको आलोचना गर्दै तृणमूलले यस राज्यमा सरकार बनाएको बेलाको वाचा बिर्सेको छ, भन्नुभयो।

पश्चिम बंगाल-अन्तिम चरणको प्रचार

पश्चिम बंगाल विधानसभा चुनावको दोस्रो तथा अन्तिम चरणको प्रचार आज समाप्त भयो, राजनीतिक दलहरूले यस महिनाको 29 तारिखमा मतदान हुने सात जिल्लाका 142 निर्वाचन क्षेत्रहरूमा मतदाताहरूसम्म पुग्न अन्तिम प्रयास गरे। प्रधानमन्त्री तथा वरिष्ठ भाजपा नेता नरेन्द्र मोदीले उत्तर 24 परगना जिल्लाको कांकिनारामा एक प्र्यालीलाई सम्बोधन गर्नुभयो भने वरिष्ठ भाजपा नेता अमित शाहले हुगली जिल्लाको चन्दननगरमा रोड शो गर्नुभयो। योगी आदित्यनाथ र अश्विनी वैष्णव लगायत अन्य भाजपा नेताहरूले पनि राज्यका विभिन्न भागहरूमा ऱ्याली र रोड-शोमा भाग लिए। अर्कोतर्फ, तृणमूल कांग्रेस प्रमुख ममता बनर्जीले कोलकातामा रोड शोको नेतृत्व गरे। पार्टी महासचिव अभिषेक बनर्जीले हुगलीको आरामबागमा एक ऱ्यालीलाई सम्बोधन गरे र पछि महेशतलामा रोड शोमा भाग लिए।

प्रधानमन्त्री-रोड शो गान्तोक

प्रधानमन्त्री नरेन्द्र मोदीले आज साँझ गान्तोकमा भव्य रोड शोमा भाग लिनुभयो। सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङ र प्रदेश भाजपा अध्यक्ष डीआर थापासँगै, राज्यको दुई दिने भ्रमणमा प्रधानमन्त्रीलाई स्वागत गर्न हजारौं मानिसहरू भेला भए। गंजु द्वारदेखि लोकभवनसम्मको बाटोमा परम्परागत रागत पोशाक लगाएका उत्साही मानिसहरू प्रधानमन्त्रीको झलक हेर्न भेला भए। यसअघि, लिबिङ हेलिप्याडमा आइपुगेपछि राज्यपाल ओम प्रकाश माथुर, मुख्यमन्त्री, राज्य सभाका सभामुख र वरिष्ठ मन्त्रीहरूले उहाँलाई स्वागत जनाउनुभयो ।

श्री मोदी भोलि पाल्जोर stadiumमा सिक्किमको 50 औं राज्य स्थापना दिवस समापन समारोहमा भाग लिनुहुनेछ, उहाँले राज्यभर चार हजार करोड रुपैयाँभन्दा बढी मूल्यका धेरै विकास परियोजनाहरूको उद्घाटन, थालनी र शिलान्यास गर्नुहुनेछ जसमा पूर्वाधार,

कनेक्टिभिटी, स्वास्थ्य सेवा, शिक्षा, बिजुली, शहरी विकास, वातावरण, पर्यटन र कृषि क्षेत्र शामेल छन् ।

आईपीएल

आईपीएल क्रिकेटमा, दिल्लीको अरुण जेटली स्टेडियममा दिल्ली क्यापिटल्सले रोयल च्यालेन्जर्स बेंगलुरुको सामना गरि रहेकोछ। TOSS रोयल च्यालेन्स बेंलोरले  पहिले बलिङ गर्ने फैसला गरेकोछ।